
# शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट, गौर








## जिल्ला विपद् व्यवस्थापन समिति गौर, रौतहट

जिल्ला विपद् व्यवस्थापन समिति रौतहट - बाट स्वीकृत ।

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

# रौतहट जिल्लाको नक्सा




Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट, गौर

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**गौर, रौतहट**

## मन्तव्य

विश्वमै जलवायु परिवर्तनको प्रभावले समय समयमा विभिन्न प्रकारका प्राकृतिक विपद्का घटनाहरुमा बृद्धि भइरहेको छ । नेपालमा समेत जलवायु परिवर्तनको प्रभावले बाढी,पहिरो, भूकम्प र शीतलहर जस्ता विपतिहरुको प्रभाव तीव्र रुपमा बढ्दै गइरहेको छ । यस्ता विपद्बाट जनधनमा पर्नजाने असरलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण योगदान गर्दछ । यस मधेश प्रदेशको रौतहट जिल्लामा समेत विगतमा केही वर्षदेखि जाडो मौसममा अत्यधिक चिसो तथा शीतलहरले जिल्लाको विभिन्न स्थानहरुमा जनजीवन प्रभावित हुने,कृषि वालीमा नोक्सानी तथा सवारी साधन संचालनमा समेत असर पुग्ने गरेको देखिन्छ । यसै तथ्यहरुलाई मनन् गर्दै यस रौतहट जिल्लामा हुने शीतलहरको प्रभावलाई प्रभावकारी रुपले न्यूनीकरण गर्न शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिएको छ । यस योजनाको तयारीमा सहयोग गर्ने सम्पूर्ण सहयोगीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यस योजनाको प्रभावकारी कार्यान्वयनले शीतलहरको प्रभावलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु ।

..............................................

दिनेश सागर भुसाल
प्रमूख जिल्ला अधिकारी
तथा
अध्यक्ष जिल्ला विपद् व्यवस्थापन समिति

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## विषय सूची


१.पृष्ठभूमि ........ १

२. योजनाको उद्देश्य ........ १

३. शीतलहरबाट प्रभावित हुने जिल्लाका प्रमुख स्थानहरु ........ २

४. शीतलहरको प्रभाव ........ ३

५. शीतलहरको प्रभावलाई न्यूनीकरण गर्ने उपाय ........ ३

६. शीतलहरको प्रभावलाई न्यूनीकरण गर्नका लागी आवश्यक सामग्रीहरु ........ ४

७. सामग्री उपलब्ध हुनसक्ने सम्भावित स्थानहरु ........ ४

८. समन्वय र सहकार्य ........ ४

९. पूर्वतयारी ........ ५

१०. शीतलहर प्रभाव न्यूनीकरणको लागी उपलब्ध हुनसक्ने मानवीय स्रोतको व्यवस्था ........ ५

११. राहत सामग्री ........ ६

१२. प्रतिकार्य योजना ........ ७

१३. अनुगमन तथा मुल्यांकन ........ १०


दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

## १.पृष्ठभूमि :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली, २०७६ ले प्राकृतिक तथा अप्राकृतिक विपद्‌बाट नागरिकको जीउ ज्यानको सुरक्षा गर्न संघीय,प्रादेशिक,जिल्ला तथा स्थानीय तहहरुमा विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको छ। यसैगरी सम्बन्धित विपद् व्यवस्थापन समितिको काम , कर्तव्य तथा अधिकारहरु परिभाषित गरेको छ।

जाडो यामको शुरुवात भएसँगै मधेशका जिल्लाहरुमा जाडोबाट प्रभावित हुनेहरुको संख्या वृद्धि हुने गर्दछ। शीतलहरबाट विशेष गरी गरीब तथा विपन्न परिवारका व्यक्तिहरु बढी प्रभावित हुने गरेकाछन्। मधेश प्रदेशका जिल्लाहरुमा शीतलहरको प्रकोप मंसिरको पहिलो सातादेखि फाल्गुनसम्म हुने गरेको छ। विशेष गरी पौष र माघ महिनामा अत्यधिक हुस्सु, बाक्लो कुहिरो तथा चिसोको प्रभाव पर्ने विगतका अध्ययन, अनुभव तथा तथ्याङ्कहरुले देखाएका छन्। यसरी शीतलहरमा परेर वर्षेनी हजारौं व्यक्तिहरु प्रभावित हुनुको साथै कैयौं व्यक्तिहरुले ज्यान गुमाउने गर्दछन्। मधेश प्रदेशका आठ जिल्लाहरुमध्ये यस रौतहट जिल्लामा समेत अत्यधिक चिसो तथा शीतलहरको प्रकोप पर्नेगरेको देखिन्छ। यस जिल्लाको विगतको इतिहासलाई केलाउने हो भने विभिन्न किसिमका विपद्का घटनाहरु घटेका देखिन्छन्।बाढी,आगलागी, भूकम्प, चट्याङ्ग,आँधी र शीतलहर जस्ता विपद्का घटनाहरुले जिल्लाको जनजीवनमा नराम्रो प्रभाव पारेको देखिन्छ। तसर्थ जाडो मौसममा अत्यधिक जाडो तथा शीतलहरको प्रकोपबाट जनतालाई राहत दिनको लागि शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी रुपमा परिचालन गर्नु यो योजनाको प्रमुख भूमिका देखिन्छ। जाडो मौसमको शुरुवातको क्रममै जाडो तथा शीतलहरबाट समान्य जनजीवनमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न र मानवीय सहयोग प्रभावकारी रुपमा उपलब्ध गराउन यो योजना निर्माण गरिएको हो।

यो शीतलहर प्रभाव न्यूनीकरण योजनाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालें निर्देशित गरे अनुसारको सरोकारवालाहरु सँग समन्वय र सहकार्य गरी शीतलहर जस्ता विपद् लाई प्रभावकारी ढगँले कार्यान्वयन गर्न सहयोग गर्नेछ।

## २. योजनाको उद्देश्य :

- जिल्लाभित्र उपलब्ध सीमित स्रोत साधनको अधिकतम परिचालन मार्फत शीतलहरमा प्रभावकारी राहतको लागि शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउनु।
- शीतलहरको समयमा प्रतिकार्य योजना अनुसार प्रभावकारी कार्यान्व्यनको माध्यमबाट शीतलहरको प्रभावबाट नागरिकलाई बचाउनु।

**३. शीतलहरबाट प्रभावित हुने जिल्लाका प्रमुख स्थानहरु :**

समान्तया शीतलहरको प्रकोप यस जिल्लाका शहरी तथा ग्रामीण भेगका सम्पूर्ण क्षेत्रहरुमा पर्ने गर्दछ। यसको प्रभावमा विशेष गरी शहरी क्षेत्रमा दैनिक काम गरेर गुजारा गर्ने श्रमिक तथा ग्रामीण भेगका विपन्न वस्तीका समुदायहरु पर्ने गर्दछ। यस जिल्लाका १८ वटै स्थानीय तहहरुमा शीतलहरको प्रकोप पर्ने गर्दछ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनसार जिल्लाको कुल जनसंख्या ८,१३,५७३ रहेको छ भने घर परिवारको संख्या १,३७,०३२ छ। यसैगरी परिवारको औसत आकार ५.९४ रहेको छ। जसमध्ये जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ ले पहिचान गरेका शीतलहरबाट प्रभावित हुने लक्षित समूह तथा स्थानहरु तलको तालिका न.१ मा देखाइएको छ। प्रस्तुत तालिकाले जिल्लाभित्रका विपन्न तथा लक्षित समूहलाई चित्रित गरेकोले औसत ५.९४ को परिवार संख्याको आधारमा जिल्लाभित्रका २६६४१ घरपरिवारले १५८२४८ जना प्रत्यक्ष रुपमा प्रभावित हुने अनुमान गरिएको छ।

| सि.नं. | स्थानीय तहको नाम | वडा नं. | ठेगाना | प्रभावित हुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रपुर न.पा. | २ | कछडिया टोल, मुसहर टोल, चमार टोल, नयाँ बस्ती | ७० | ४१५ |
| | " | ५ | राजपेडा, सुन्दर बस्ति, चिरियादह, नहर, थलाहीटोल | १५० | ८९१ |
| | " | ६ | चन्द्रपुर बजार टोल, डाबरी, चिम्नीटोल, गैरी गाउँ, ठोकरटोल, मोथियाहीटोल | ४५ | २६७ |
| | " | ९ | डुमरीया गाउँ | १३० | ७७२ |
| | " | १० | बडेह्वा, बालचनपुर | ३०० | १७८२ |
| २ | फतुवा विजयपुर न.पा. | १ | शितलपुर बैरगनिया | ११४ | ७७०० |
| | " | ३ | टेंग्राहा | ८ | ४५ |
| | " | ७ | फतुवा, हर्षाहा | ११४ | ६७८ |
| | " | ८ | लक्ष्मिनिया | १८९ | ११२२ |
| ३ | राजदेवी न.पा. | [illegible] राजदेवी | ~~ब्रह्मपुरी, बेलविछ्वा~~ राजदेवी नगरपालिका १-३सम्म | ३०० | १७८२ |
| | " | २,३,४ | बसतपुर, चण्डिया, पताही, हजमिनिया | २४० | १४२५ |
| ४ | दुर्गाभगवती गा.पा. | १,२ | पिपरा भलोहिया, गंगापिपरा | २९० | १७२२ |
| ५ | ईशनाथ न.पा. | १,२,३,४,५ | बन्जरहा, जटहरा, औरंया, मठिया, जयनगर, लतमरी | ६०० | ३५६४ |
| ६ | राजपुर न.पा. | सबै | पिपरा भगवानपुर, फतुवा विजयपुर, राजपुर फरहदवा, अकोलवा, बैरिया | ७८० | १०८०० |
| ७ | ~~यमुनामाई~~ दुर्गा भगवती गा.पा. | १,२,३,४,५ | गंगापिपरा, भलोहिया, मत्सरी, पचरुखी, बडहर्वा | ३२९ | ५६८३ |
| ८ | गौर न.पा. | १,२,५,६,९ | कोइरी टोल, सवगढा, महादेवपट्टी, पुरेनवा | ११४ | २५००० |

यमुनामाई सर्वेन्द्र

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | गुजरा न.पा. | सबै वडा | सबै टोल | २८० | १५००० |
| १० | ईशनाथ न.पा. | सबै वडा | सबै टोल | | ११००० |
| ११ | बौधीमाई न.पा. | सबै वडा | सबै टोल | | २००० |
| १२ | माधवनारायण न.पा. | सबै वडा | सबै टोल | | १२००० |
| १३ | मौलापुर न.पा. | सबै वडा | सबै टोल | | ७००० |
| १४ | बृन्दावन न.पा. | सबै वडा | सबै टोल | | १०००० |
| १५ | देवाही गोनाही | सबै वडा | सबै टोल | | ७६०० |
| १६ | परोहा न.पा. | सबै वडा | सबै टोल | | ९००० |
| १७ | कटहरिया न.पा. | सबै वडा | सबै टोल | | ९००० |
| १८ | गरुडा न.पा. | | सबै टोल | | १२००० |
| कुल | | | | | १५८२४८ |

### ४. शीतलहरको प्रभावः

- शीतलहरमा एक ठाँउबाट अर्को ठाँउमा आवत जावत गर्न असजिलो हुने गर्दछ ।
- शीतलहरमा भिजिबिलिटी कम हुने भएकोले सडक तथा राजमार्गहरुका दुर्घटना हुने सम्भावनाहरु बढी हुने गर्दछ ।
- शीतलहरमा अत्याधीक चिसोले जनजीवन प्रभावित भई रुघाखोकी, निमोनिया जस्ता रोगहरुको प्रभाव वृद्धि हुनुको साथै अधिक जाडोले मानिसको मृत्यु हुने सम्भावना बढी देखिन्छ ।

### ५. शीतलहरको प्रभावलाई न्यूनीकरण गर्ने उपायः

- शीतलहरबाट बच्न शीतलहर पूर्व तयारी योजना तयार गर्ने ।
- शीतलहरको क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको सूची तयार गर्ने ।
- शीतलहरको प्रकोपबाट बच्नको लागि सम्बन्धित सरोकारवालाहरु सँग बैठक बस्ने ।
- शीतलहरबाट बच्न आवश्यक सामग्रीहरुको व्यवस्थापन तथा भण्डारणको व्यवस्था गर्ने ।
- जिल्ला विपत व्यवस्थापन समितिको बैठकमार्फत कार्यान्वयनको पहल गर्ने ।
- नागरिक सचेतना कार्यक्रम, रेडियो, एफ एम तथा संचारको माध्यमबाट समन्वय गरी संचालन गर्ने ।

- शीतलहर तथा अत्यधिक चिसोमा घरभित्र बस्न सल्लाह सुझाव दिने ।
- शीतलहर तथा अत्यधीक चिसोबाट बच्नको लागी दाउराको व्यवस्था मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट, गौर

**६. शीतलहरको प्रभावलाई न्यूनीकरण गर्नका लागी आवश्यक सामग्रीहरु:**

- नागरिकमा सचेतना
- दाउरा
- कम्बल
- न्यानो कपडा स्वीटर,ज्याकेट
- औषधीहरु
- पोषिलो खाद्य पदार्थहरु

**७. सामग्री उपलब्ध हुनसक्ने सम्भावित स्थानहरु:**

- नेपाल सरकार
- प्रदेश सरकार
- स्थानीय तहहरु
- नेपाल रेडक्रस सोसाइटी
- गैर सरकारी संस्था
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्था
- सरोकारवाला सरकारी निकायहरु ( प्रादेशिक स्वास्थ्य कार्यालय, वन कार्यालय )
- उधोग वाणिज्य संघ
- नगारिक समाज

**८. समन्वय र सहकार्य:**

- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेखित भूमिका अनुसारको सरोकारवालाहरु सँग समन्वय स्थापित गरी भूमिका अनुसार शीतलहरको बेलामा प्रतिकार्यको लागि अनुरोध गर्ने ।
- शीतलहरको समयमा संघीय,प्रदेश,स्थानीय तह तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग सहयोगको लागी समन्वय र अनुरोध गर्ने ।

- शीतलहरबाट बढी प्रभावित हुने टोल तथा क्षेत्रहरुको लागी आवश्यक दाउरा,कम्बल, सिरक जस्ता अति आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- जाडोयाममा लाग्नसक्ने रोगहरुबाट सर्तकता अपनाउन चिकित्सकहरुको टोलीलाई तयारी अवस्थामा राख्ने ।
- शीतलहरबाट सुरक्षित बस्नको लागि जनचेतनामूलक सन्देशहरु विभिन्न किसिमका संचारमाध्यमबाट समन्वय गरी प्रसारण गर्ने ।
- ट्राफिक प्रहरीको समन्वयमा राजमार्ग तथा अन्य सडकहरुमा हुस्सु भएको बेला गाडीको गति नियन्त्रणको लागि समन्वय गरी चेक जाँच तथा अनुगमनमा बृद्धि गर्ने ।
- जल तथा मौसम विज्ञान विभागले गर्ने मौसम पूर्व अनुमानको आधारमा जिल्लामा सूचना सम्प्रेषण गर्ने ।
- नियमित अनुगमन गरी सरोकारवालाहरुलाई शीतलहर प्रभावित क्षेत्रमा प्रतिकार्यको लागि प्रोत्साहित गर्ने ।

## ९. पूर्वतयारी:

- विपतसँग सरोकार राख्ने सरोकारवालाहरुसँग नियमित बैठक राख्ने ।
- स्थानीय तहको संकटासन्न क्षेत्रको नक्सांकन गर्ने ।
- जिल्लाका सबै स्थानीय तहमा शीतलहर पूर्व तयारीको योजना बनाउने ।
- न्यानो कपडा,कम्बल,सिरकको व्यवस्था गर्ने ।
- दाउराको व्यवस्था गर्ने र न्यानोको लागि दाउरा बाल्ने मुख्य स्थान तथा चौकहरुको छनोट गर्ने ।
- नगरपालिका तथा गाँउपालिकाका वडाहरुले चिसो तथा शीतलहरबाट बच्ने चेतनामूलक सन्देश संचारको माध्यम तथा माइकिङ्ग मार्फत जानकारी गराउने ।

## १०. शीतलहर प्रभाव न्यूनीकरणको लागी उपलब्ध हुनसक्ने मानवीय स्रोतको व्यवस्था:

शीतलहरको प्रभावलाई न्यूनीकरण गर्नको लागी जिल्लामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगायत,स्थानीय तह, रेडक्रस लगायत गैरसरकारी संघ संस्थाहरुबाट जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**तालिका २ शीतलहर प्रभाव न्यूनीकरणको लागी जिल्लामा उपलब्ध हने मानवीय स्रोत**

| सि.नं. | निकाय | उपलब्ध हुन सक्ने जनशक्ति | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | नेपाल प्रहरी | |
| २ | सशस्त्र प्रहरी बल नेपाल | सशस्त्र प्रहरी | |
| ३ | नेपाली सेना | नेपाली सेना | |
| ४ | गौर नगरपालिका | नगर प्रहरी | |
| ५ | राजदेवी नगरपालिका | नगर प्रहरी | |

| | | | |
|---|---|---|---|
| ६ | यमुनामाई गाउँपालिका | नगर प्रहरी | |
| ७ | दुर्गा भगवती गाउँपालिका | नगर प्रहरी | |
| ८ | ईशनाथ नगरपालिका | नगर प्रहरी | |
| ९ | राजपुर नगरपालिका | नगर प्रहरी | |
| १० | परोहा नगरपालिका | नगर प्रहरी | |
| ११ | बोद्धीमाई नगरपालिका | नगर प्रहरी | |
| १२ | मौलापुर नगरपालिका | नगर प्रहरी | |
| १३ | देवाही गोनाहि नगरपालिका | नगर प्रहरी | |
| १४ | कटहरिया नगरपालिका | नगर प्रहरी | |
| १५ | गरुडा नगरपालिका | नगर प्रहरी | |
| १६ | माधवनारायण नगरपालिका | नगर प्रहरी | |
| १७ | गढिमाई नगरपालिका | नगर प्रहरी | |
| १८ | बृन्दावन नगरपालिका | नगर प्रहरी | |
| १९ | गुजरा नगरपालिका | नगर प्रहरी | |
| २० | फतुवा विजयपुर नगरपालिका | नगर प्रहरी | |
| २१ | चन्द्रपुर नगरपालिका | नगर प्रहरी | |
| २२ | नेपाल रेडक्रस सोसाइटी | स्वंय सेवक | १३ वटा उपशाखा |
| २३ | गैर सरकारी संघ संस्था | स्वंय सेवक | |

**११. राहत सामग्रीः**

जिल्ला विपद् व्यवस्थापन समितिले सरोकारवालाहरु सँग समन्वय र सहकार्य गरी शीतलहरको प्रभावलाई न्यूनीकरण गर्न न्यानो कपडा कम्बल ,शीरक,डसना, औषधीको भण्डारण गरी विपन्न तथा दलित वस्तीहरुलाई पहिलो प्राथमिकतामा राखी वितरणको लागी अनुरोध गर्नेछ । शीतलहरको लागि प्राप्त राहत साम्रगीलाई प्राथमिकताको आधारमा जिल्ला सुरक्षा समितिको निर्देशन अनुसार लाभग्राहीहरुलाई वितरणको व्यवस्था मिलाइनेछ । जिल्ला विपद् व्यवस्थापन समितिले प्रतिकार्य योजना अनुरुपको कार्यलाई तदारुकता साथ अगाडि बढाउनेछ ।

## १२. प्रतिकार्य योजना:

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कै. |
|---|---|---|---|---|
| १ | चिसो तथा शीतलहर पूर्व तयारी र पूर्व प्रबन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• डिभिजन वन कार्यालय<br>• उद्योग वाणिज्य संघ<br>• नेपाल पत्रकार महासंघ | |
| २ | जाडोको लागि आवश्यक पर्ने दाउरा तथा काठ समयमै उपलब्ध गराउने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• डिभिजन वन कार्यालय<br>• उद्योग वाणिज्य संघ<br>• नेपाल पत्रकार महासंघ | |
| ३ | जाडोबाट बच्न कम्बल तथा न्यानो लुगाहरु विपन्न पिडितहरुलाई उपलब्ध गराउने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• क्लोथ बैंक/संस्थाहरु<br>• नेपाल रेडक्रस सोसाइटी | |

| | | | | |
|---|---|---|---|---|
| | | | • डिभिजन वन कार्यालय<br>• उद्योग वाणिज्य संघ<br>• नेपाल पत्रकार महासंघ | |
| ४ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्ने जनचेतना मूलक कार्यक्रम, स्वास्थ्यकर्मी, औषधिहरु र द्रुत प्रतिकार्य समूह परिचालन गर्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• जनस्वास्थ्य कार्यालय | • गृह मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/प्रादेशिक अस्पताल<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• डिभिजन वन कार्यालय<br>• उद्योग वाणिज्य संघ<br>• नेपाल पत्रकार महासंघ | |
| ५ | आगलगी तथा निसासिने समस्यावाट बच्न सचेतना मूलक तथा सन्देश मूलक सूचना स्थानीय भाषामा समेत तयार गरी आम संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• जिल्ला स्थित अस्पतालहरु | • गृह मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• अन्य सामाजिक संस्थाहरु<br>• नेपाल पत्रकार महासंघ | |
| ६ | कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसवाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचार प्रसार गराउने र शीतलहरहरुको कारणवाट अन्नबाली/पशुपंक्षीको | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• कृषि ज्ञान केन्द्र<br>• धानजोन<br>• पशुपंक्षी सम्बद्ध कार्यालय/निकाय | • गृह मन्त्रालय<br>• कृषि तथा पशु पंक्षी विकास मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• प्रदेश स्तरीय कृषि तथा पशुपंक्षी विकास<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल पत्रकार महासंघ | |

| | | | | |
|---|---|---|---|---|
| | क्षतिभएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने । | | | |
| ७ | कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न एक सर्वे समूह गठन त्यस्ता स्थानहरुको Mapping गर्ने सोको आधारमा कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचना मूलक सन्देशहरु राख्ने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>• डिभिजन सडक कार्यालय | • गृह मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• नेपाल प्रहरी/ट्राफिक कार्यालय<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल पत्रकार महासंघ | |
| ८ | विद्यालयहरु चलेको अवस्थामा चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामूलक कार्यक्रमहरु | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• शिक्षा तथा समन्वय एकाइ<br>• सम्बन्धित विद्यालय | • गृह मन्त्रालय<br>• विज्ञान प्रविधि तथा शिक्षा मन्त्रालय<br>• गृह, सञ्चार तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• RDC Nepal, Mandawi, अभियान नेपाल, आसमान नेपाल लगायतका गैससहरु<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल पत्रकार महासंघ | |
| ९ | Cloth Bank को संचालन (हुनेले नहुनेको लागि नयाँ लत्ताकपडा उपलब्ध गराउने र वितरण गर्ने संस्थागत संयन्त्र विकास गर्ने) | • स्थानीय तह<br>• संघसंस्था | • जिल्ला समन्वय समिति<br>• जिल्ला प्रशासन कार्यालय<br>• सहयोगी निकायहरु | |

| | | | | |
|---|---|---|---|---|
| १० | आवश्यकतानुसार शीतलहर व्यवस्थापनमा दाउरा उपलब्ध गराउने | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • जि.स.स. कार्यालय<br>• स्थानीय तहहरु<br>• जिल्ला प्रशासन कार्यालय<br>• नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल, रा.अ.जि.का.<br>• जिल्ला ट्राफिक कार्यालय<br>• डिभिजन वन कार्यालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• उद्योग वाणिज्य संघ<br>• वन उपभोक्ता समिति<br>• नेपाल पत्रकार महासंघ, अगैसस/गैससहरु | |
| ११ | सूचना व्यवस्थापन | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्र | • जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल, रा.अ.जि.का.<br>• स्थानीय तहहरु<br>• पत्रकार महासंघ,स्थानीय संचार माध्यमहरु | |

**१३. अनुगमन तथा मुल्यांकनः** जिल्ला विपद् व्यवस्थापन समितिले शीतलहर पूर्वतयारी तथा प्रतिकार्यको लागि सबै सरोकारवाला निकायहरुसँग नियमित समन्वय र सहकार्य गर्नेछ । शीतलहरको प्रभावलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न टोल तथा वस्तीहरुमा अनुगमनको व्यवस्था मिलाइनेछ ।अनुगमनबाट प्राप्त सुझावलाई समीक्षा गरी अविलम्ब सुधार गरी कार्यान्वयन पक्षलाई बलियो बनाइनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट,गौर

# शीत लहरको लागी सूचनामूलक सन्देश

## जिल्ला विपद् व्यवस्थापन समिति रौतहट

- शीतलहरको समयमा न्यानो कपडा लगाऔं। घर बाहिर बढी समय नबसौं।
- राती सुत्दा न्यानो सिरक र कम्बलको प्रयोग गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई चिसोबाट बचाऔं।
- शीतलहरको समयमा आवश्यक तातो र पोषिलो खानेकुरा खाने गरौं।
- बालवालिका बृद्धबृद्धा तथा गर्भवती महिलाहरुको विशेष हेरचाह गरौं।
- चिसो तथा शीतलहरको समयमा घरेलु जनावरहरु लाई खुल्ला ठाउँमा नराखौं। गोठभित्रै आवश्यक घाँसपराल तथा दानाको व्यवस्था गरौं।
- चिसोको कारण कोही बिरामी परेमा तुरुन्त नजिकको स्वास्थ्य चौकी तथा अस्पतालमा उपचार गरौं।
- चिसोको कारण घरेलु जनावर बिरामी परेमा नजिकको पशु सेवा केन्द्रमा उपचार गराऔं।
- कोठा भित्र हिटर र आगो बालेर नसुतौं। कोठा भित्र आगो बाल्दा प्रर्याप्त भेन्टिलेसनको व्यवस्था मिलाऔं।